# ताँजाकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### चाखुरे, हुम्ला
### कर्णाली प्रदेश नेपाल

# बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/१०/२७**

यस कार्यालय चालु आर्थिक वर्ष २०७७/०७८ मा विभिन्न योजनाहरुको निर्माण कार्य बोलपत्रद्वारा गराउनु पर्ने भएकोले निर्माण व्यवसाय ऐन २०५५ तथा अन्य प्रचलित कानुन अन्तर्गत दर्ता भएका नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुले निम्न सर्तहरुको अधिनमा रही रिट पूर्वकको बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ ।

१ तपशिलमा उल्लेखित रकम फिर्ता नहुने गरी नगदै बुझाई रसिद संलग्न राखी अद्यावधिक नवीकरण भएको ठेक्का ईजाजत पत्र, स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिनिलि, मु.अ.कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपि, आर्थिव वर्ष २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र ताँजाकोट गाउँ कार्यापालिकाको कार्यालय चाखुरे हुम्लाको कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२ यस कार्यालयबाट खरिद गरेको बोलपत्र फारम नियमानुअसार भरी खाममा सिलबन्दी गरी खामको बाहिरी कामको विवरण, ठेक्का नम्बर, बोलपत्रको नाम र ठेगाना खोली कार्यालयलाई सम्बोध गरी विक्री गरेको अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजेसम्म ताँजाकोट गाउँ कार्यपालिको कार्यालय चाखुरे हुम्लाको कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । दर्ता भएको बोलपत्र सोही दिनको २:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजी प्रतिनिधि उपस्थिति नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३ तपशिलमा उल्लेखित धरौटी बापतको रकम ताँजाकोटस्थित ग्लोबल आई.एम.ई. बैंक शाखामा रहेको धरौटी खाता नं. त्द्वण्द्धण्ज्ञण्ण्ण्ण्ण्ट मा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकको मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको १२० दिन म्याद भएको बिड बण्ड प्रत्येक बोलपत्रका साथ संलग्न राख्नुपर्ने छ ।

४ बोलपत्र सर्त रहित प्रत्येक आइटममा प्रष्टसँग गरिएको बोलपत्र लगायत कार्यालयबाट उपलब्ध गराइएको कागजातमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्ने छ । दररेट सच्याउनु परेमा दस्तखत भएको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको रित नपुगेको सूचनाका सर्त विपरित भएको बोलपत्रमाथि कुनै कारबाही हुने छैन ।

५ नेपाल सरकारलाई बुझाउन वा तिर्न पर्ने सबै प्रकारका करहरु स्थानीय स्तरमा तिर्न पर्ने सबै प्रकारका कर बोलपत्रमा उल्लेख गरिएको दररेटमा भ्याट बाहेक समावेश भएको मानिने छ ।

६ बोलपत्रदाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिने छ ।

७ बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।

८ बोलपत्र डकुमेन्ट स्पेसिफिकेसन परिमाण सूची (द्यर्षी या त्तगबलतष्तष्भक) आदिनमा भाषागत त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ नलागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

९ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

१० बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताले छापसहित सही गर्नुपर्ने छ ।

११ बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित परिमाण सूची आइटमको दररेट भरी नआएमा त्यस्ता बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२ बोलपत्रमा नियमानुसारको लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१३ यसमा उल्लेख भएकोमा यसै सूचना बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

| क्र.सं. | ठेका नं. | योजनाको नाम | अनुमानित ल ई (भ्याट र कन्टिजेन्सी बाहेक) | धरौटी बापतको रकम रु | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| | 1/TRMUN/2077/78 | धर्मादय मावि भवन तथा छात्रावास भवन निर्माण | ४२,१०,०००/- | १,२५,०००/- | ३,०००/- |
| | 2/TRMUN/2077/78 | धर्मादय मावि भवन तथा छात्रावास भवन निर्माण | ३३,६८,०००/- | १,००,०००/- | ३,०००/- |
| | 3/TRMUN/2077/78 | चाटागर रामाआल सिचाई कुलो निर्माण | ५८,९०,०००/- | १,७४,२५०/- | ३,०००/- |
| | 4/TRMUN/2077/78 | डुङ्ग्री स्याउ फारम घेरबार योजना | ४२,०५,०००/- | १,२५,०००/- | ३,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**